"पाँचखाल नगर-कृषि सहर"

पाँचखाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : २०८३।८४

चलानी नं. :

पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

मिति : २०८३/०७/१६

नेपाल संवत् ११४६ कौलागा, ८ सोमबार

माटो परिक्षण नतिजाको आधारमा माटो सुधारको लागि कृषि चुन वितरण (७५% अनुदान) कार्यक्रम सञ्चालनको सूचना!

(प्रथम पटक प्रकाशित मिति: २०८३/०७/१६)

यस पाँचखाल नगरपालिका कृषि शाखाको आर्थिक वर्ष २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत माटो परिक्षण नतिजाको आधारमा माटो सुधारको लागि कृषि चुन वितरण (७५% अनुदान) कार्यक्रम रहेको हुँदा यस नगरका साझेदारी गर्न इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकबाट दरखास्त आवहानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८३/०७/३०) भित्र कार्यालय समयमा कृषि तथा सहकारी शाखामा तपसिल अनुसारका कागजातहरु संलग्न राखि माटोको नमुना सहित निवेदन पेस गर्नुहुन सम्बन्धीत सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ। निर्धारित समयभित्र पेस नभएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाहि हुने छैन। साथै थप जानकारीको लागि कृषि तथा सहकारी शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपसिल

आवश्यक कागजात:

१. कार्यालयले तोकेको ढाँचामा निवेदन।
२. माटो जाँच गर्न बुझाएको राजश्वको बिलको प्रति।
३. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
४. स्थायी लेखा नं र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. समूह/सहकारी/संस्थाहरुको हकमा माटो जाँच गर्ने सम्बन्धी बैठकको निर्णयको प्रतिलिपि।
६. नेपाली नागरिकता प्रतिलिपि।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणको प्रतिलिपि।
८. सम्बन्धीत वडा कार्यालयको सिफारिस।

माटोको नमुना :

१. माटो परिक्षण भइसकेको कृषकहरुको हकमा माटो परिक्षण नतिजाको प्रतिलिपि।
२. माटो परिक्षण नभएका कृषकहरको हकमा यसै सूचना साथ संलग्न गरिएको माटोको नमूना सङ्कलन गर्ने तरिका अनुसार सङ्कलन गरिएको माटोको नमुना कम्तिमा ½ के.जी. तौल भएको तथा पूर्ण विवरण भरिएको।

(अर्चना खड्का अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

अर्चना खड्का अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ एवं कार्यार्थ:

श्री वडा कार्यालय (सबै), पाँचखाल नगरपालिका : वडा कार्यालयको सूचना पाटीमा यो सूचना टाँस गरी सम्पूर्ण वडाबासीहरुले जानकारी प्राप्त गर्ने गरी व्यापक रुपमा प्रचार प्रसार गर्नुहुन।

श्री सूचना प्रविधि शाखा : वेबसाइटमा सूचना अपलोड गर्नुहुन।

निवेदनको ढाँचा

मिति:

विषय : माटो जाँच गरी कृषि चुन उपलब्ध गराइदिने बारे।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका कृषि तथा सहकारी शाखाको मिति २०८३/०७/१६ को प्रकाशित सूचना बमोजिम सञ्चालन हुने माटो परिक्षण नतिजाको आधारमा माटो सुधारका लागि कृषि चुन वितरण (७५% अनुदान) कार्यक्रम रहेको हुँदा सङ्कलित माटोको नमुना जाँच गरी आवश्यक मात्रामा कृषि चुन अनुदानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दै श्रीमान् समक्ष यो निवेदन पेस गरेको छु।

निवेदक

नाम,थर:

पद:

ठेगाना:

सम्पर्क नं:

संस्थाको नाम:

संस्थाको छाप:

निवेदनको ढाँचा

मिति:

विषय : माटो जाँच गरी कृषि चुन उपलब्ध गराइदिने बारे।

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
पाँचखाल नगर कार्यपालिकाको कार्यालय,
पाँचखाल, काभ्रेपलान्चोक।

प्रस्तुत विषयमा पाँचखाल नगरपालिका कृषि तथा सहकारी शाखाको मिति २०८३/०७/१६ को प्रकाशित सूचना बमोजिम सञ्चालन हुने माटो परिक्षण नतिजाको आधारमा माटो सुधारका लागि कृषि चुन वितरण (७५% अनुदान) कार्यक्रम रहेको हुँदा सङ्कलित माटोको नमुना जाँच गरी आवश्यक मात्रामा कृषि चुन अनुदानमा उपलब्ध गराइदिनुहुन अनुरोध गर्दै श्रीमान् समक्ष यो निवेदन पेस गरेको छु।

निवेदक

नाम,थर:

पद:

ठेगाना:

सम्पर्क नं:

संस्थाको नाम:

संस्थाको छाप: